## बैठक संख्या (५)

आज मिति २०८१/०७/३० गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती:-**

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(का.वा. वडा अध्यक्ष) श्री देवेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री महेश सिह महता

**आमन्त्रित:-**

श्री लक्ष्मी दत्त जोशी (रोजगार संयोजक)

CamScanner

**प्रस्तावहरुः-**

१. आयोजना छनौट सम्बन्धमा ।

२. १० शैय्या अस्पताल निर्माणको सम्झौता अवधी थप सम्बन्धमा ।

३. कार्यक्रम छनौट सम्बन्धमा ।

निर्णय नं. (१) माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा अनुगमन शाखा) को प.स. २०८१/०८२, च.नं. ६४ मिति २०८१/०७/१२ को प्राप्त पत्रानुसार उच्च पहाडी एवम् हिमाली क्षेत्र सरोजगार तथा आर्थिक-सामाजिक-सशक्तिकरण कार्यक्रम संचालन कार्यविधि, २०८१बमोजम यस शिवनाथ गाउँपालिकाबाट देहाय बमोजिमका योजना छनौट गरी आयोजना सञ्चालन गर्नका लागि यस शिवनाथ गाउँपालिकाबाट १० प्रतिशत लागत सहभागिता व्यहोरने निर्णय सर्वसम्मतले पारित गरियो ।

तपसिलः-

१. शिवनाथ मन्दिर पदमार्ग निर्माण- शिवनाथ ६

२. वण्ड, डाङा, वि.ओ.पि. खानेपानी योजना — शिवनाथ १

३. ग्राम प्रकाश बहुमुखी क्याम्पसको भवन निर्माण — शिवनाथ २

निर्णय नं. (२) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकामा निर्माणाधिन दश शैय्या अस्पतालको निर्माण कम्पनी श्री के.एस.मित्र.जे.भी. महेन्द्रनगर, कञ्चनपूरसंग मिति २०७८/०१/२० मा भएको सम्झौता बमोजिम पहिलो पटकको सम्झौता म्याद थप निर्णय अनुसार निर्माण अवधी मिति २०८१/०७/२० कायम गरिएकोमा अस्पताल निर्माणका लागि आवश्यक बजेट निकासा नभएको, निर्माण सामाग्रीको अभाव, वर्षायामले गर्दा गिट्टी, वालुवा संकलनको लागि असहज भएको एवं निर्माण कामदार अभावको कारण देखाई सम्बन्धित निर्माण व्यवसायीबाट म्याद थपका लागि निवेदन पेश भएकाले उक्त निवेदन माथि आवश्यक अध्ययन गर्दा मौजदुता सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा ऐ.ऐ. निमावली २०६४ को नियम १२० (१३औं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम ठेक्का म्याद थप गर्न सकिने व्यवस्था रहेको हुँदा सम्झौता शर्तहरु बमोजिम सम्बन्धित निर्माण व्यावसायीबाट आवश्यक कागजातहरु माग गरी दोस्रो पटकका लागि ६ महिना म्याद थप गरी काम सञ्चालन गर्ने निर्णय सर्व सहमतिले पारित गरियो ।

निर्णय नं. (३) माथि छलफल गर्दा आ.व २०८१/०८२ का लागि श्री सडक बोर्ड नेपालबाट बजेट स्वीकृत भए बमोजिम यस गाउँपालिकालाई प्राप्त रु १९ लाख (अक्षेरुपी रु उन्नाइस लाख) र गाउँपालिकाले व्यहोर्ने २० प्रतिशत लागत साझेदारी रु ४, ५५,०००/-(अक्षेरुपी चार लाख पचपन्न हजार मात्र) रकम सहित वडा नं. ५ अन्तर्गत निर्माण भएको **चडेखान विनपते सडक स्तरोन्नति तथा विशेष मर्मत**का लागि कार्यक्रम छनौट गरी विस्तृत लागत तयार गरी तोकिएको समयावधिभित्र स्वीकृतिका लागि श्री सडक बोर्ड नेपालमा पेश गर्ने साथै गा.पा.ले व्यहोर्नु पर्ने माथि उल्लेखित रकम व्यवस्थाका लागि चालू आ.व.का लागि विनियोजित चडेखान विनपते सडक निर्माण योजना (रु ५ लाख) बाट रकमान्तर गरी आवश्यक रकमका लागि समपूरक बजेट बनाई कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत